नमस्ते । नेपाल ई पि एस सेन्टरको प्रमुख किम् उन् दक् हुँ ।

पछिल्लो समयमा रोजगार अनुमती प्रणाली सम्बन्धी सत्यभन्दा फरक विषयवस्तुहरु आएको हुनाले सत्यतथ्यको जानकारी दिन यो लेख लेखेको छु । यो लेखमार्फत अनावश्यक भ्रम हटाउन चाहन्छु ।

सन् २०२० र २०२१मा नक्कली परीक्षार्थीको समस्या र कोरोनाको कारणले कोरियन भाषा परीक्षा हुन सकेन ।

सन् २०२१को डिसेम्बरमा विषेश कोरियन भाषा परीक्षा (Special EPS TOPIK) सञ्चालन भएको थियो । सो परीक्षामा ४०३ जना उत्तीर्ण भइ दक्षिण कोरिया जान पाउने अवसर पाएका थिए । २०२२को पहिलो हाफमा कोरोनाको कारणले परीक्षा सञ्चालन भएन । सौभाग्यवश २०२२को दोस्रो हाफबाट कोरोना स्थिति सुधार हुदै गयो । साथै दक्षिण कोरियालेपनि विदेशी श्रमिक प्रवेश पूर्णरुपले शुरु गरे पश्चात रोस्टर तयार गर्न आवश्यक भएकोले कोरियन भाषा परीक्षा गराएका थियौं ।  २०२२ को उत्पादन क्षेत्र र कृषि तथा पशुपालन क्षेत्रमा ४४,८३३ जनाले परीक्षा दिइका थिए । जस मध्ये १८,८४४ जना उत्तीर्ण भइ दक्षिण कोरिया जान पाउने अवसर पाएका थिए ।

रोजगार अनुमति प्रणाली भनेको कोरियाली रोजगारदाताले कोरियाली श्रमिक नपाएमा विदेशी श्रमिकलाई काममा राख्न पाउन सहयोग गर्ने प्रणाली हो । रोजगारदाताले विदेशी श्रमिक लिनको लागि कोरियाको रोजगार तथा श्रम मन्त्रालयमा निवेदन दिइ विदेशी श्रमिक कोरिया नभित्रिएसम्म धेरै समय पर्खनु पर्छ । कोरिया प्रवेश गरेका विदेशि श्रमिकहरु विभिन्न कारणले कार्यस्थल परिवर्तन गर्नेको संख्या बढेकोले रोजगारदाताहरु असन्तुष्ट छन् ।

यसलाई समाधान गर्न कोरियाली रोजगार तथा श्रम मन्त्रालयले कार्यस्थल परिवर्तन नगरेका श्रमिकलाई विभिन्न प्रकारको सुविधा दिदै आएको छ । कमिटेड श्रमिक (४ वर्ष १०महिनाको अवधिमा कार्यस्थल परिवर्तन नगरेका श्रमिक)को हकमा परीक्षा नदिइ पुनः कोरिया प्रवेश गर्न पाउछन् । कार्यस्थल परिवर्तन गरेपनि ३ वर्षको रोजगार अवधि सकेपछि फेरि श्रम सम्झौता गरेमा विशेष कोरियन भाषा परीक्षामा सहभागी हुन पाउने अवसर दिइएको छ । यस परीक्षामा उत्तीर्ण भएका मध्ये अन्तिम कार्यस्थलमा १२ महिनाभन्दा धेरै काम गरेको छ र अन्तिम रोजगारदाताले चाहेमा पुनः सोहि कम्पनीमा काम गर्न दिइन्छ । यी माथिका दुई परिस्थितिमा नपरेका श्रमिकको हकमा स्वदेश फर्केपछि नयाँ परीक्षा दिएर रोस्टरमा नाम चढाउन सकेपनि कोरियन रोजगारदाताले रोजगारीको लागि नयाँ श्रमिकलाई रुचाइएको देखिन्छ र वास्तवमै श्रम सम्झौता हुने पुराना श्रमिकको सङ्ख्या निकै कम छ ।

रोजगार अनुमति प्रणाली लागु भएका १६ वटा राष्ट्रहरु मध्ये २०२२मा कोरिया प्रवेश गर्ने सबैभन्दा धेरै नेपाली श्रमिक थिए । सो सङ्ख्या १४,४९५ थियो । २०२३मा १६ वटै देशबाट १ लाख १० हजार विदेशी श्रमिक कोरिया भित्र्याउने योजना भएकोले रोस्टरमा दुई गुणा बढीको अनुमान गरि परिक्षामा धेरै उत्तीर्ण गराइएको थियो । सौभाग्यवश २०२३ जुलाई १९ सम्म १४,३५९ जना नेपाली श्रमिकहरु कोरिया प्रवेश गरि सकेका छन् । यसमा नयाँ श्रमिक १०,११४ जना थिए भने ४,२४५ जना कमिटेड श्रमिक थिए । कमिटेड श्रमिकको अनुपात ३०% जति रहेको छ । नेपाली श्रमिकको हकमा नेपाल आएर कोरिया पुनः प्रवेश गर्न गाह्रो भएकोले कोरिया प्रवेश गरेपछि प्रायः रोजगारस्थल परिवर्तन नगरि ४ वर्ष १० महिनासम्म लगातार काम गरेर कमिटेड कामदारको आउने भएकाले कोरियाको रोजगारदाताहरुले नेपालीलाई धेरैनै रुचाउछन् । साथै नेपालको श्रम मन्त्रालयको सक्रिय प्रयासको कारणले श्रम सम्झौता पश्चात अरु राष्ट्रभन्दा नेपालीहरु छिटो कोरिया प्रवेश गर्ने भएकोले कोरियन रोजगारदाताले धेरै नेपाली श्रमिकहरुलाई काममा लिएका छन् । गत वर्ष धेरै उत्तीर्ण गराएपनि यो वर्ष धेरै जनाको श्रम सम्झौता भइ सकेको छ । उत्पादन क्षेत्र तर्फको रोस्टरमा अब ४,६०० जना जति मात्र बाँकि छन् । तर चिन्ताको विषय भनेको हाल रोस्टरमा बाँकी भएकाहरु प्रायः रिटर्नीहरु र महिलाहरु छन् । कोरियाका रोजगारदाताले एक पटक श्रमिक लिएपछि कम्तीमा १० वर्ष जति लगातार काम गर्न सक्ने श्रमिक लिन चाहन्छन् । अर्थात कोरियाबाट फर्केकाहरु भन्दा नयाँ श्रमिकलाई रुचाउछन् । कोरियाबाट फर्केकाहरुको श्रम सम्झौता दर नयाँको भन्दा निकै कम छ । उत्पादन क्षेत्रको काम कठिन हुने भएकोले महिलाहरुभन्दा पुरुषहरुलाई धेरै काममा लिएका पाइन्छ ।

यस वर्ष विषेशतः पानी जहाज निर्माण क्षेत्र स्थापना भएको छ । उत्पादन क्षेत्रमा उत्तीर्ण भएका मध्ये पानी जहाज निर्माण क्षेत्रमा परिवर्तन गर्न चाहेका ८९२ जनाले आवेदन दिएका थिए । जुन महिनामा पानी जहाज निर्माण क्षेत्रमा श्रम सम्झौता भएका मध्ये २३८ जना नेपाली श्रमिक थिए र सबै देशको सङ्ख्या हेर्दा नेपालको अनुपात ३०% रहेको छ । पानी जहाज निर्माण क्षेत्रमा नेपाली श्रमिकको माग उच्च थियो । २३८ जना मध्ये १८८ (७९%) जना नयाँ र ५० (२१%) जना फर्किएर आएका रिटर्नीहरु थिए । यस पल्ट कार्य क्षेत्र परिवर्तनको आवेदन दिएकाहरु मात्र पानी जहाज निर्माण क्षेत्रमा सिफारिस भएका थिए र उत्पादन क्षेत्रसँग तुलना गर्दा पानी जहाज निर्माण क्षेत्रमा धेरै रिटर्नीहरुले रोजगारी पाउन सकेका थिए ।

पानी जहाज निर्माण क्षेत्रमा यो वर्ष ५,००० विदेशी श्रमिक भित्र्याउने योजना छ । हाल श्रीलंका, कम्बोडिया, आदि देशमा पानी जहाज निर्माण क्षेत्रको नयाँ परीक्षा चलि रहेको छ । सेप्टेम्बरमा अरु देशबाट यस क्षेत्रमा नयाँ श्रमिकहरु सूचिमा चढ्ने छन् ।

हाल पानी जहाज निर्माण क्षेत्रमा ६५४ जना नेपालीहरु बाकिँ छन् । उत्पादन क्षेत्र जस्तै अब बाकिँ भएकाहरु प्राय: रिटर्नीहरु र महिलाहरु छन् ।

यस वर्ष उत्पादन क्षेत्रमा २,८०० र पानी जहाज निर्माण क्षेत्रमा २,५०० जना परिक्षामा उत्तीर्ण गराउने योजना थियो । हाल कोरियाबाट फर्केका रिटर्नीहरुको आन्दोलनको कारण नयाँ परीक्षाहरु स्थगित भएको छ । यो वर्षको पहिलो हाफमा कृषि तथा पशुपालन क्षेत्रको रोस्टर थोरै भएकोले पहिलो चरण र दोस्रो चरण गरेर सञ्चालन भएको थियो । पहिलो चरणमा उत्तीर्ण भएकाहरु रोस्टरमा चढि सकेर रोजगारस्थलमा सिफारिस भइ रहेका छन् ।

दोस्रो चरणको परीक्षामा ८,१९८ जना उत्तीर्ण भएका छन् । स्वास्थ्य परीक्षण पश्चात सेप्टेम्बर~अक्टोबरमा क्रमैसँग रोस्टरमा चढाउने योजना छ । पहिलो हाफमा कृषि तथा पशुपालन क्षेत्रमा माग धेरै थियो । दोस्रो हाफमा माग थोरै भएकोले दास्रो चरण परिक्षामा उत्तीर्ण भएकाहरुलाई क्रमैसँग रोस्टरमा चढाउने योजना छ । रोस्टरको २ वर्षको म्याद परीक्षा उत्तीर्ण भएको दिनबाट नभएर रोस्टरमा चढेको दिनबाट शुरु हुन्छ ।

रिटर्नीहरुले दाबी गरेका विषयहरु मध्ये सत्य नभएका विषयहरु धेरै छन् । मार्चमा रिटर्नीहरुको प्रतिनिधिहरुलाई भेट्दा रिटर्नीहरुलाई रोस्टरमा नराखेको, रोजगरस्थलमा सिफारिस नगरेको दाबी गरेका थिए । यस विषयको सत्यतथ्य जाँच गर्दा गत वर्ष उत्तीर्ण भएकाहरु सबै रोस्टरमा चढी सकेको र रिटर्नीको सिफारिस दर लगभग २७% जति थियो । यद्यपि रोजगारदातालाई आवश्यक सङ्ख्याभन्दा ३ गुणा बढी सिफारिस गरिने भएकोले रिटर्नीभन्दा नयाँ श्रमिकहरुलाई काममा लिन रुचाइएकोले साँच्चैको रोजगारी पाएका रिटर्नीको सङ्ख्या निकै कम देखिएको छ ।

नयाँ परीक्षा उत्तीर्ण भएमा रिटर्नीहरुको रोजगारी दर नेपालमा मात्र नभइ १६ वटै राष्ट्रमा साझारुपमा कम छ ।

पछिल्लो समयमा छिटो कोरिया प्रवेश हुने र इमान्दारीताका कारण कोरियन रोजगारदाताले धेरै नेपाली श्रमिकहरु लिइ रहेका थिए । तर रोस्टरमा नयाँ श्रमिक नभएमा अरु देशका श्रमिक छनौट गर्न सक्छन् ।

कोरियन रोजगारदाताले पारिश्रमिक दिने भएकोले रोजगारदाताले विदेशी श्रमिक छनौट गर्दा रोजगारदाताको राय सबैभन्दा महत्वपूर्ण हुन्छ । जबरजस्ती रिटर्नीहरुलाई छनौट गर्न लगाउन सकिदैन ।रोस्टरमा भएका श्रमिकहरु नसकुन्जेल परीक्षा स्थगित गराएर सायद केही

रिटर्नीहरु कोरिया जान पाएपनि रोजगारदाताले चाहेको श्रमिक रोस्टरमा नभए अरु राष्ट्रबाट श्रमिक छनौट गर्न सक्छन् भन्ने विषयलाई ध्यानमा राख्नुपर्छ ।

हाल नेपालमा परीक्षा पारदर्शी हुनुको साथै कोरियामा छिर्ने नेपाली श्रमिकको सङ्ख्या ठूलो भएकोले १६ वटा राष्ट्र मध्ये उत्कृष्ट उदाहरण बनेको छ । रोजगार अनुमति प्रणाली १६ वटै राष्ट्रमा समानरुपमा लागु हुन्छ र नेपाललाई मात्र विशेषरुपमा लागु गर्न सकिदैन । रिटर्नीहरुको विरोधको कारण परीक्षा र कोरिया प्रवेशमा असर परेमा परीक्षा तयारी गर्दै गरेका धेरै युवाहरुले अवसर गुमाउने छन् ।

२०२३.०७.२३

किम उन् दक्

नेपाल ई पि एस सेन्टर प्रमुख